# अमेरीकाका गैरआवसीय नेपाली आङ छिरि शेर्पा द्वारा सगरमाथा सफलतापूर्वक आरोहण




२३ मे २०१० का दिन अमेरीकाका गैरआवासीय नेपाली आङ छिरि शेर्पाले गैरआवासीय नेपाली संघको झण्डा लिएर विश्वको सर्वोच्च शिखर सगरमाथा सफलता पूर्वक आरोहण गरेका छन् । श्री शेर्पालाई उक्त शिखर आरोहण गर्नमा १६ दिनको लागेको छ । यसभन्दा अघि श्री शेर्पाले १६ महादेशको अग्ला हिमालहरु २६ दिन लगाएर आरोहण गरिसक्नु भएको छ । सोलुखुम्बुमा जन्मेका ३८ वर्षिय शेर्पा हाल अमेरीकाको वासिङ्गटनमा बसोबासरत हुनुहुन्छ ।



श्री शेर्पा सगरमाथाको सफलता पूर्वक आरोहण गरी मे २८ का दिन काठमाडौं फर्कदा उहाँलाई त्रिभुवन विमानस्थलमा गैरआवासीय नेपाली संघ र नेपालको पर्वतारोही संघले स्वागत गरेको थियो ।